सभाबाट स्वीकृत मिति: २०८१/३/१०

**प्रस्तावना:** उदयपुरगढी गाउँपालिकाको आर्थिक बर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम उदयपुरगढी गाउँपालिकाको गाउँ सभामा यो विधेयक पेश भएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस विधेयकको नाम " **उदयपुरगढी गाउँपालिकाको विनियोजन विधेयक, २०८१**" रहेको छ ।

(२) यो विधेयक सभाबाट पास भई प्रमाणित भए पछि ऐनको रुपमा तुरुन्त लागू हुनेछ ।

**२.आर्थिक वर्ष २०८१।०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१)आर्थिक वर्ष २०८१।०८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ८०,८९,२३,०००/-(**अक्षेरुपी असी करोड उनानब्बे लाख तेईस हजार रुपैया मात्र**) मा नवढाई निर्दिष्ट गरिए बमोजिम अनुसूची १ बमोजिमको आय व्यय विवरण अनुसार सञ्चित कोषबाट खर्च गरिनेछ ।

**३. विनियोजन:** (१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१।०८२ को निमित्त उदयपुरगढी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा वढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा वढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

[illegible] गाउँपालिकाको आय व्ययको अनुमान

अनुसूची-१

रु. हजारमा

| आय तर्फ | | व्यय तर्फ | |
|---|---|---|---|
| शिर्षक | रकम | शिर्षक | रकम |
| संघिय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण | १४६७०० | आर्थिक विकास तर्फ | १४५९८ |
| न्युनतम अनुदान | ३२५०० | सामाजीक विकास तर्फ | १३२०९ |
| सुत्रमा आधारित अनुदान | १०८४०० | पूर्वाधार विकास तर्फ | १४६८५ |
| कार्य सम्पादनमा आधारीत | ५८०० | वन वातावरण तथा विपद व्यवस्थापन तर्फ | ४८९२ |
| संघबाट प्राप्त सशर्त अनुदान तर्फ | ३४०१०९ | सुशासन संस्थागत विकास तर्फ | २४४० |
| चालु | २४३०९६ | चालु तर्फ | १४२११६ |
| पुंजिगत | ७४०१३ | संघबाट प्राप्त सशर्त अनुदान तर्फ | ३१७२०९ |
| समपुरक अनुदान | १५००० | समपुरक अनुदान | १५००० |
| विषेश अनुदान | ८००० | विषेश अनुदान | ८००० |
| प्रदेशबाट वित्तिय समानीकरण | ९४२४ | प्रदेश सरकारबाट प्राप्त समपूरक अनुदान | १०००० |
| न्युनतम अनुदान | १५०० | सामाजीक सुरक्षा कार्यक्रमामा खर्च हुने | १२०००० |
| सुत्रमा आधारित अनुदान | ७९२४ | ८ वटै वडाको योजनाहरु | ३७२०० |
| प्रदेशबाट प्राप्त सशर्त अनुदान तर्फ | १८०७४ | गौरवको योजना, क्रमागत योजना र समपुरक अनुदानसंग साझेदारी हुने योजना | ७०००० |
| चालु | २६१० | प्रदेशबाट प्राप्त सशर्त | १८०७४ |
| पुंजिगत | १५४६४ | स्थानिय पुर्वाधार विकास विभागबाट प्राप्त हुने साझेदारी रकम | २००००.० |
| प्रदेश सरकारबाट प्राप्त समपूरक अनुदान | १०००० | सडक बोर्ड नेपालबाट प्राप्त हने साझेदारी रकम | २५००.० |
| संघ तर्फको राजश्व बाँडफाँड | ११६३३८ | | |
| बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ८५३४१ | | |
| बाँडफाँड भई प्राप्त हुने अन्तशुल्क | ३०९९७ | | |
| प्रदेश तर्फको बाँडफाँडबाट प्राप्त हुने सवारी साधन राजश्व बाँडफाँड | ६१९३ | | |
| संघिय विभाज्य कोषबाट प्राप्त हुने बाँडफाँड रोयल्टी | ३१६० | | |
| वन रोयल्टी | १८९८ | | |
| खानी रोयल्टी | १२६२ | | |
| अनुमानीत आन्तरिक आय | १६४२५ | | |
| कर राजश्व | २९७० | | |
| गैह्र कर राजश्व | ६००५ | | |
| बैंक मौज्दात | ७४५० | | |
| सामाजीक सुरक्षा कार्यक्रमबाट प्राप्त हुने | १२००००.० | | |
| स्थानिय पुर्वाधार विकास विभागबाट प्राप्त हुने साझेदारी रकम | २००००.० | | |
| सडक बोर्ड नेपालबाट प्राप्त हने साझेदारी रकम | २५००.० | | |
| जम्मा गा. पा. को आय तर्फ रु. | ८०८९२३.० | जम्मा ब्यय तर्फ रु. | ८०९८२३.० |

मान बहादुर केप्छाकी मगर
गा.पा. अध्यक्ष